मिति २०८३ साल असोज महिनाको [illegible] गते बिहिबारको दिन महाभारत गाउँपालिकाका अध्यक्ष श्री कान्छालाल जिम्बाज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकले गरेका निणर्यहरु ।

१. यस गाउँपालिका गाउँकार्यपालिकाको निर्णय कार्यान्वयनको अवस्थाबारे छलफल र समीक्षा गरियो ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३।०५।११ को पत्रमार्फत हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणालीमा सुरक्षाजोखिम उच्च रहन गएकाले अर्को सुचना जारी नभएसम्मका लागि हालको विद्युतीय खरिद प्रयोग स्थगन गरी प्रस्ताव पेश गर्ने म्याद समाप्त हुन बाँकी रहेका तथा नयाँ प्रकाशन हुने क्रममा रहेका बोलपत्र आशयपत्र र शिलबन्दी दरभाउपत्र सम्बन्धमा सार्वजनिक निकायहरूले हार्डकपीमर्फत खरिद प्रक्रिया अगाडि बढाउन सकिने सुचना प्राप्त भए बमोजिम महाभारत गाँउपालिकाबाट आ व २०८३।०८४ हुने खरिद प्रक्रिया हार्डकपीमार्फत गर्ने भनी पूर्वाधार विकास शाखाको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरीयो।

३. सार्वजनिक खरिद ऐन २०६३ को दफा ७४ को उपदफा ३ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७४ को उपदफा २ बमोजिम महाभारत गाँउपालिकाको सार्वजनिक खरिद नियमावलीलाई संशोधन तथा एकीकरण गर्न विधायन समितिलाई सैद्धान्तिक सहमति प्रदान गर्ने ।

४. संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ को दफा १०(६) तथा वागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८३।३।२५ को पत्रानुसार महाभारत गाँउपालिका तथा अन्तरगतका कार्यालयको संगठन संरचना तथा दरवन्दीमा आवश्यक पुनरावलोकन र अद्यावधिक गर्नका लागि ऐ मापदण्डको दफा ७(१)(इ) बमोजिम गठन भएको सर्भेक्षण समितिले तयार पारेको सर्भेक्षण प्रतिवेदन ऐ ऐ मापदण्डको दफा १२ (२) बमोजिम मुल्यांकनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठाउने भनी सर्भेक्षण समितिद्धारा पेश भएको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरीयो।

५. नेपालको संविधानको धारा ३५ अनुसुची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम आधारभुत स्वास्थ्य तथा सरसफाइ सम्बन्धी स्थानीय सरकारको अधिकारलाई कार्यान्वयन गर्न महाभारत गाँउपालिकाले आम नागरिकलाई पुऱ्याउनु पर्ने स्वास्थ्य सेवालाई पहुँचयोग्य गुणस्तर र सर्वसुलभ बनाउन स्वास्थ्य संस्थाको स्थापना संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी कार्यविधि तर्जुमा गर्न महाभारत गाँउपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७४ को दफा ४ बमोजिम विधायन समितिलाई सैद्धान्तिक स्वीकृत प्रदान गर्ने।

६. वर्षायाममा अविरल परेको पानी तथा सोको कारणले महाभारत गाँउपालिका अन्तरगतका पहिरो तथा कटान भएका तपशिल बमोजिमका सडकहरू मध्येवाट सडक डिभिजन कार्यालय भक्तपुर र पूर्वाधार विकास कार्यालय धुलिखेलबाट सरसफाइ तथा मर्मत संभार नभएको खण्डमा पूर्वाधार विकास शाखाद्धारा स्टिमेट बमोजिम आ व २०८३।०८४ को स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएको मर्मत संभार कोष शिर्षकवाट खर्च हुने गरी मर्मत संभार प्रक्रिया अगाडी वढाउने निर्णय गरीयो।

क. सोला कलौन घमाइलो बारतली खोलाघारी भलडाँडा चाउडिक सडक

ख. सिपाली बुढाखानी फोक्सीङ्टार स्याप्लेडाँडा ताराखसे गोकुले धापभञ्ज्याङ सडक

ग. मेलुङ फोक्सिङटार वडा कार्यालय सडक

घ. चैतेपानी घोडेवेतेनी आहाले वासपुर राङ्चा मगरगाँउ देवीटार सडक

ङ. राङ्चा गल्टार आपटार धाप सडक ।

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवीटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

कान्छामान जिम्बा

गाउँपालिका प्रवक्ता

CamScanner